# मिचैंया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शिक्षा,युवा तथा खेलकुद शाखा
रामनगर मिचैंया, सिरहा
मधेस प्रदेश, नेपाल

फोन नं. ०३३-५५०१०१
फ्याक्स नं. ०३३-५५०१०९


पत्र संख्या २०८०/८१

मितिः-२०८०।०४।२४

**सूचना !** **सूचना !!** **सूचना !!!**

**विषय : अनौपचारिक स.का. विज्ञापनं सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस मिचैंया नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गर्ने प्रयोजनका लागि नगरपालिका भित्रका सम्पुर्ण (१२) वटै वडाहरुलाई साक्षर घोषणा गर्नका लागि अनौपचारिक कक्षा सञ्चालनार्थ सहयोगी कार्यकर्ता (स.का.) छनौट गनुपर्ने भएकोले तपसिल बमोजिमका आवश्यक कागजातहरु सहित नेपाली नागरिकहरु बाट दरखास्त आह्वान गरिन्छ ।

तपसिल :

१. निवेदन (एक प्रति फोटो सहित सम्पर्क नम्बर अनिवार्य)
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
३. एस.एल.सी.उतिर्ण वा एस.ई.ई.मा कम्तीमा १.६ जि.पि.ए.प्राप्त गरेको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र ( character certificate),
४. दरखास्त दस्तुर : रु. २०० मात्र । (राजस्व शाखा)
५. निवेदन बुझाउने स्थानः मिचैंया नगरपालिका
६. परीक्षाको किसिम : अन्तरवार्ता (परीक्षा मिति पछि निर्धारण गरिने छ) ।
७. दरखास्त दिने मिति : २०८०।०४।२४ देखि ३२ गते सम्म ।
८. माग पद संख्या : केहि

नोटः बसोबास भएको वडाको सम्बन्धित टोलमा काम गर्नेलाई प्राथमिकता दिइने छ ।

बोधार्थः

श्री वडा कार्यालय (सबै)

सम्पर्क व्यक्तिः श्याम कुमार यादव (९८५२८३४५५५)

४।२४

प्र.प्र. अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

# मिर्चैया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

रामनगर, मिर्चैया, सिरहा
मधेस प्रदेश, नेपाल

फोन नं. ०३३-५५०१०१
फ्याक्स नं. ०३३-५५०१०९


पत्र संख्या २०८०/०८१
चलानी नं.: ५66

मिति:-२०८०।०४।२३

**विषय : साक्षरता कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

**श्री वडा कार्यालय (सवै),**
**मिर्चैया, सिरहा ।**

प्रस्तुत विषयमा यस मिर्चैया नगरपालिका नगरकार्यपालिकाको मिति २०८०।०४।०३ को निर्णय बमोजिम पुर्ण साक्षर नगरपालिका घोषणा गर्नका लागि त्यस वडालाई साक्षर वडा घोषणा गर्नु पर्ने भएकोले सो कार्यका लागि सहयोगी कार्यकर्ता छनौट गर्नु पर्ने भएकोले तहाँ वडा कार्यालयमा विज्ञापन टाँस गरी नागरिकहरुलाई आवश्यक जानकारी दिई आवश्यक समन्वय र सहजीकरण मार्फत साक्षर वडा घोषणा कार्य गरिदिन हुन हार्दिक अनुरोध छ ।

........................

प्र. प्र अधिकृत
प्रमुख प्रशासकीय अधिकृत